annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७२ पृष्ठ ८ | काठमाडौं, बिहीबार २६ असार २०८२ | आषाढ शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | THURSDAY, JULY 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# त्रिशूली जलविद्युत् हबमा बाढीबाट व्यापक क्षति

## २३५ मेगावाट विद्युत् उत्पादन बन्द

छिमेकी भारतमा ७५० मेगावाट विद्युत् बिक्री भइरहेको थियो । तर, मंगलबार बिहानको बाढीले रसुवा र नुवाकोटका विभिन्न जलविद्युत् आयोजनामा क्षति पुऱ्याएपछि ५०० मेगावाट मात्रै बिक्री हुन थालेको छ । बाढीले आयोजनामा मात्रै क्षति पुऱ्याएन, विदेशी मुद्रा आर्जनमा समेत धक्का दिएको छ । त्यसैकारण रसुवा र नुवाकोटमा बाढीबाट क्षति भएका जलविद्युत् आयोजनाको तत्काल पुनर्निर्माण गर्नेतर्फ सरकारको अविलम्ब ध्यान जानुपर्ने जरुरी छ ।

समाचार पृष्ठ २

देवचन्द्र भट्ट | *नुवाकोट*
- को रिपोर्ट

बाढीले क्षतिग्रस्त त्रिशूली थ्रीबीको सबस्टेसन । ● देवचन्द्र भट्ट

## रूसमाथि नयाँ प्रतिबन्ध लगाउने तयारीमा अमेरिका



**वासिङ्टन** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्धलाई लिएर मस्कोविरुद्ध थप प्रतिबन्ध लगाउने विचार रहेको बताएका छन्। ह्वाइट हाउसमा भएको मन्त्रिपरिषद्को बैठकमा बोल्दै ट्रम्पले द्वन्द्वको प्रतिक्रियामा रूसमाथि थप प्रतिबन्ध लगाउने सिनेटको विधेयकलाई समर्थन गर्ने कि नगर्ने भनेर विचार गरिरहेको बताए।

विधेयकमा रूसबाट ऊर्जा आयात गर्ने देशहरूमा भारी शुल्क लगाउने प्रावधान साथै रूसी ऊर्जा उत्पादनलाई समर्थन गर्ने विदेशी कम्पनीहरूमा पनि प्रतिबन्ध लगाउने समावेश रहेको जनाइएको छ। युक्रेनका लागि अस्थायी रूपमा स्थगित गरिएको रक्षात्मक हतियार ढुवानी पुनः सुरु गर्न स्वीकृति दिएको पनि ट्रम्पले मंगलबार घोषणा गरेका थिए।

# त्रिवि सुधार्ने जिम्मा प्रा.डा अर्यालको काँधमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा दीपक अर्याल नियुक्त भएका छन्। प्रधानमन्त्री एवं त्रिविका कुलपति केपी शर्मा ओलीले प्रा.डा. दीपक अर्याललाई बुधबार उपकुलपतिमा नियुक्त गरेका हुन्। वरिष्ठ व्यङ्ग्य साहित्यकार भैरव अर्यालका छोरा प्रा.डा. अर्याल जल तथा मौसम विज्ञान विभागका पूर्वविभागीय प्रमुख हुन् । उनी मौसम विज्ञानमा प्राध्यापक हुन्।

बाबु भैरव अर्यालले हास्यव्यंग्यमार्फत राज्यसत्तामा तिखो प्रहार गरेका थिए। भैरव अर्यालले जयभुँडी, काउकुती, गलबन्दी, इति श्री, दश औतार, राष्ट्रिय आह्वानलगायत हास्यव्यंग्य निबन्धसंग्रह निकालेका थिए। भैरव अर्याल कृतिहरूको आज प्रशंसनीय छन्। छोरा प्रा.डा. दीपकले मौसम, हावापानीको विषयमा विज्ञता हासिल गरे। उपकुलपति प्रा.डा दीपक अर्यालले सन् २०१६ मा त्रिभुवन विश्वविद्यालयबाटै मौसम विज्ञानमा विद्यावारिधि गरेका हुन्। असिना र पानीमा विद्यावारिधि गरेका अर्यालले पानीमा, वायु प्रदूषणमा, जहाजबाट बादलभित्र गएर वायु प्रदूषण र जलवायु नाप्नेमा स्नातकोत्तर गरेका छन्। उपाधि हासिल गरेका छन्। सन् २००० मा नागोया विश्वविद्यालय जापानबाट वायुमण्डलीय विज्ञानमा एमएससी गरेका छन्। सन् १९९५ मा त्रिविबाट मौसम विज्ञानमा स्नातकोत्तर गरेका हुन्।



सन् १९९३ मा त्रिविबाटै उनले मौसम विज्ञान र गणितमा स्नातक गरेका हुन्। उनी विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञसमेत हुन्। त्रिभुवन विश्वविद्यालयको मौसम सुधार्ने जिम्मा उनको काँधमा आएको छ । तालबन्दी, बन्द हड्तालले थलिँदै आएको त्रिविको कसरी सुधार्छन् त्यो भविष्य नै देखाउँछन्। शिक्षामन्त्री तथा सहकुलपति रघुजी पन्त संयोजकत्वको सिफारिस समितिले उपकुलपतिमा प्रा.डा अर्यालसहित तीन जनाको नाम सिफारिस गरेको थियो। प्रा.डा अर्यालसहित प्रा.डा. खड्ग केसी र प्रा.डा.विनिल अर्यालको नाम सिफारिस भएको थियो। प्रा.डा.केसी र प्रा.डा. विनिललाई उछिन्दै प्रा.डा.दीपक उपकुलपति भएका छन्।

प्रा.डा. दीपक अध्ययन अनुसन्धानमा राम्रो दख्खल राख्ने त्रिविकै वर्तमान र पूर्वप्राध्यापकहरू बताउँछन्। चरम मौसमी घटनाहरू र वायु प्रदूषण गतिशीलताको जटिल क्षेत्रहरूमा उनको विशेषज्ञता छ । लगभग तीन दशकसम्म उनी अनुसन्धानमा सक्रिय छन्।

उनको विशेषज्ञताका क्षेत्रहरूले पहाडी क्षेत्रहरूमा संवहनको जटिल घटना, साथै वायु प्रदूषक परिवहन र रूपान्तरणको बहुआयामिक प्रक्रियाहरू समेट्छन्। 'कडा अनुसन्धान र अन्तरदृष्टिपूर्ण विश्लेषणहरू मार्फत जटिल मौसम विज्ञान र वातावरणीय प्रणालीहरूको बुझाइलाई निरन्तर अगाडि बढाएको छु,' उनले भनेका छन्।

उनले नेपाल र विदेशका विश्वविद्यालय पनि राम्रोसँग बुझेका छन्। प्रा.डा आर्याल सन् २०१६ देखि २०२४ सम्म त्रिविको जल तथा मौसम विज्ञान केन्द्रीय विभागका विभागीय प्रमुख रहेका थिए। उनी दुई कार्यकाल विभागीय प्रमुख रहे।

चैत १५ देखि त्रिवि उपकुलपतिविहीन थियो। तत्कालीन उपकुलपति केशरजंग बरालले कुलपति एवं प्रधानमन्त्री ओलीसँग टसल भएपछि राजीनामा दिएका थिए। त्यसपछि शिक्षाध्यक्ष प्रा.डा. केसीले निमित्त उपकुलपति जिम्मेवारी निर्वाह गर्दै आएका थिए।

कुलपति एवं प्रधानमन्त्री ओलीले सहकुलपति एवं शिक्षामन्त्री पन्तको संयोजकत्वमा तीन सदस्यीय उपकुलपति छनोट सिफारिस समिति गठन गरेका थिए। उक्त सिफारिस समितिले १२ जनाको सस्ट लिस्ट गरेको थियो। जसबाट तीन जनाको नाम सिफारिस गरिएको थियो।

त्यसैबीच प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति ओलीसमक्ष त्रिभुवन विश्वविद्यालयको नवनियुक्त उपकुलपति प्रा. डा. दीपक अर्यालले पद तथा गोपनीयताको शपथ लिएका छन्।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको कार्यक्रममा कुलपति ओलीसमक्ष उपकुलपति डा अर्यालले शपथ लिए। शपथमा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तलगायत सहभागी थिए। कुलपति ओलीले उपकुलपतिमा सिफारिस समितिबाट सिफारिस भएका मध्येबाट डा.अर्याललाई नियुक्ति गरेका हुन्।

